

नयाँ संविधानको निर्माण !
बालअधिकारको सम्मान !!

# नयाँ संविधानको निर्माण, बालअधिकारको सम्मान

*नयां संविधानमा बालअधिकार सुनिश्चित गर्न संविधान सभा सदस्यहरुलाई*

# बालबालिकाको राष्ट्रिय चिठ्ठी अभियान

## अवधारणा

देशमा दोश्रो संविधान सभाको चुनाव सम्पन्न भई संविधान सभाले नयाँ संविधान निर्माणको कार्यतालिका सार्वजनिक गरि संविधान निर्माण कार्य प्रारम्भ भईसकेको छ । नयाँ संविधानमा बालबालिकाका के कस्ता अधिकारहरुलाई सुनिश्चित गरिनुपर्दछ भन्ने बारेमा बालबालिका स्वयम्ले आफ्ना भावनालाई चिठ्ठी मार्फत माननीय सभासदहरु समक्ष पुर्‍याई, नयाँ संविधानमा बालअधिकारलाई पहिलो प्राथमिकतामा राखी सम्बोधन गराउनका लागि व्यवस्थित तरिकाबाट सुझाब दिने उद्देश्यले बालबालिकासंगको व्यापक छलफल पछि “बालबालिकाको राष्ट्रिय चिठ्ठी अभियान” परिकल्पना गरिएको हो ।

हाम्रो देश तथा समाजमा बालबालिकाका विषयहरु ओझेलमा पर्ने गरेका छन् । बालअधिकारलाई संविधानमा मौलिक हक तथा राज्यको निर्देशित सिद्धान्तका रुपमा स्थापित गर्नका लागि बालअधिकारका क्षेत्रमा क्रियाशिल संघसंस्था, नागरिक समाजको सहयोग/साझेदारी तथा बालबालिका स्वयम्को प्रत्येक्ष सहभागितामा हिमाल, पहाड, तराई र सबै भाषा-भाषी, जात-जाति, सबै वर्ग, उमेर समूह, अपाङ्गता भएका तथा यौनिक अल्पसंख्यक बालबालिकाको प्रतिनिधित्व हुने गरि बालबालिकाका आ-आफ्ना विचारहरु चिठ्ठी मार्फत अभिव्यक्त गरी माननीय संविधानसभा सदस्यहरु समक्ष पुर्‍याउने छन् ।

नयाँ संविधानमा बालअधिकार सुनिश्चित गर्नका लागि बालबालिकाद्वारा लिखित चिठ्ठी संविधानसभाका सदस्यहरु समक्ष हस्तान्तरण गरिने छ । बालबालिकाद्वारा चिठ्ठी मार्फत अगाडि ल्याईएका आफ्ना अधिकारका विषयमा संविधान सभाका अध्यक्ष, विभिन्न समितिका अध्यक्ष तथा सभासदहरु र बालबालिका बीच अन्तरक्रिया कार्यक्रम समेत गरिने छ । उक्त कार्यक्रमबाट नयाँ संविधानमा बालअधिकारलाई सुनिश्चित गर्न संविधान सदस्य मार्फत आम नेपाली बालबालिकाका लागि खुल्ला चिठ्ठी सहितको प्रतिवद्धता लिईने छ ।

सिविन-नेपालद्वारा अगाडि ल्याईएको यस अवधारणा बालअधिकारको लागि कार्यरत सम्पूर्ण संघसंस्था र सरोकारवालाहरुको साझा अभियान हो । बालअधिकार र बालसहभागितामा काम गर्ने सामाजिक संस्था तथा नागरिक

समाजका सदस्यहरुसँगको सहकार्यमा यस अभियानलाई देशव्यापीरुपमा अगाडि बढाईने छ । यस अभियानको सचिवालय सिविन-नेपालको केन्द्रिय कार्यालय रविभवन काठमाडौंमा हुनेछ । मूलतः बालबालिका, किशोरकिशोरी तथा उनीहरुको समुह/क्लब र बालअधिकारमा काम गर्ने संस्था तथा सञ्जालहरु यसका अभिन्न अंगका रुपमा रहनेछन् । यस अभियानमा संलग्न सबै साझेदार संस्था एवम् नागरिक समाजका सदस्यहरुलाई उच्च मुल्याङ्कनका साथ सम्मान गरिने छ । अभियानमा सम्लग्न सबै व्यक्ति, संस्था एवम् सञ्जाल यसका अंग तथा सदस्य हुनेछन् ।

एट्विन, सिनेट, कर्न्सोटियम-नेपाल, सिजोप, बालिका दुलही हैनन् राष्ट्रिय सञ्जाल, मानवअधिकार एलायन्स- नेपाल, नावस, शिक्षाका लागि राष्ट्रिय संजाल-नेपाल, गैरसरकारी संस्था महासंघ-नेपाल, शान्तिमालिका, शान्तिका लागि सहकार्य, वैपा, लगायतका सञ्जालको ऐक्यवद्धतामा यसलाई देशव्यापी बनाईने छ । यस बालबालिकाद्वारा चिठ्ठी अभियानमा प्रत्येक्षसंलग्न व्यक्ति एवम् संस्था यसका मुल एवम् जिल्ला स्तरिय संयोजन संस्थाका रुपमा हुनेछन् ।

संविधान सभाका सदस्यहरुका लागि बालबालिकाको चिठ्ठी अभियानका हरेक कार्यक्रमहरुको आम सञ्चार माध्यम, पत्र पत्रिका, रेडियो, टेलिभिजन, वेव साईट र सामाजिक सञ्जाल सँगको साझेदारीमा र सहकार्य मार्फत व्यापक प्रचार प्रसार गरिने छ ।

## उद्देश्य :

१. नयाँ संविधानमा समावेश हुनु पर्ने बालअधिकारका विषयहरु बालबालिका स्वयम्को अर्थपूर्ण सहभागितामा आफ्नै हातले चिठ्ठि लेखि संविधानसभाका सबै सदस्यहरु समक्ष पुऱ्याई बालअधिकारप्रति सभासदहरुको प्रतिवद्धता लिने ।

२. नयाँ संविधानमा बालअधिकारलाई सुनिश्चित गर्न देशव्यापी रुपमा बालबालिकाको प्रत्यक्ष सहभागिताको सुनिश्चतता गर्दै संविधान र बालअधिकारको बारेमा बालबालिका स्वयम्लाई जानकारी गराउने ।

३. नयाँ संविधान निर्माण प्रक्रियामा बालसहभागिता गराई आजका नागरिक भविष्यका कर्णधार विविध भौगोलिक क्षेत्र, समुदाय, एवं विभिन्न पृष्ठभूमि र परिवेशका बालबालिकालाई नयाँ नेपालको संविधान प्रति अपनत्व जगाउने ।

४. नयाँ संविधानमा बालअधिकार सुनिश्चतताको लागि गाउँदेखि राष्ट्रिय स्तरसम्म सचेतना अभियानका साथै बालबालिकाका आवाजलाई आम संचार माध्यम तथा नयाँ सामाजिक संजालको व्यापक परिचालन गरी सचेतना अभियान संचालन गर्दै बालअधिकारको पक्षमा व्यापक लहर ल्याउने ।

५. नयाँ संविधानमा बालअधिकार सुनिश्चतताकालागि बालबालिकाका आवाजलाई सशक्त बनाउन सम्पूर्ण नागरिक समाज, बालअधिकारकर्मी संघसंस्था एवं विभिन्न निकायहरुको संयुक्त पहल, सहभागिता एवं अवनत्व जगाउने ।

## अपेक्षित उपलब्धी

१. चिठ्ठि मार्फत बालबालिकाले आफ्ना अधिकारको विषयलाई व्यक्तिगत रुपमा संविधानसभा सदस्यहरु समक्ष पुऱ्याउने छन् ।

२. नयाँ संविधान र बालअधिकारको विषयमा देशव्यापी लहर आउने छ ।

३. संविधान सभाका माननीय सभासद्ज्यूहरुले बालबालिका स्वयंको सुझाव, बिचार तथा भावना ग्रहण गर्दै नयाँ बन्ने संविधानमा बालअधिकारको सुनिश्चिताका लागि सभासद् ज्यूहरुका पहल र योगदान हुनेछ । नयाँ संविधानमा बालअधिकार संवैधानिक रुपमा स्थापित हुनेछ ।

४. बालअधिकारका लागि कार्यरत संस्थाहरुको समन्वय र बालक्लबहरुको सक्रियता मार्फत बालअधिकार र नयाँ संविधानका विषयमा व्यापक बहस र पैरवीहरु संचालन हुनेछन् र देशव्यापी रुपमा बालअधिकारसँग काम गर्ने संस्थाहरु र नागरिक समाजको सहकार्य र संजालको विस्तार हुनेछ ।

५. संविधानमा बालअधिकारको विषयमा बालबालिका आफै सचेत हुनेछन् र नयाँ संविधानलाई आजका बालबालिकाले निरन्तर रुपमा अप्नत्व महसुस गर्नेछन् ।

## राष्ट्रिय अभियानमा को को बालबालिका कसरी समावेश हुनेछ?

- विद्यार्थी : बिद्यालयहरु मार्फत्
- सडक बालबालिका : सडक बालबालिकाको निम्ति कार्यरत संस्थाहरु एवम् राष्ट्रिय संजालमा आवद्ध संघसंस्थाहरु मार्फत् ।
- बालश्रमिकहरु : बालश्रममा कार्यरत संघसंसस्था एवम् नगरपालिकाका वडा बालसंरसक्षण तथा गाविस बालसंरक्षण समितिहरु मार्फत्
- जोखिम परिस्थितिका बालबालिकाः बालबालिकाको संरक्षणका लागि कार्यरत संस्थाहरु एवम् बालगृहहरुको राष्ट्रिय संजाल C-Net आवद्ध संस्थाहरु मार्फत
- ओसार(पसारमा परेका वा पर्न सक्ने बालबालिकाः मानव ओसारपसार तथा बेचविखन विरुद्ध कार्यरत संस्थाहरु एवम् महिला तथा बालबालिकाको ओसारपसार बिरुद्ध मिलिजुली समूह (एटविन)मा आवद्ध संस्थाहरु मार्फत
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका तथा नवयुवाहरुः सिजप मार्फत
- धार्मिक संस्थामार्फत सञ्चालित शैक्षिक क्षेत्रमा अध्यायनरत बालबालिकाः मदरसा, गुरुकुल र गुम्बा मार्फत
- विद्यालयमा नगएका बालबालिका : समुदायमा आधारित संघसंस्था एवम् समुदायमा आधारित बालक्लब र बालक्लबको लागि कार्यरत संस्थाहरुको संजाल कन्सोटियममा अवद्ध संस्था एवम् बालक्लब मार्फत
- किशोरकिशोरी : किशोरकिशोरीका लागि कार्यतर संस्था र उनीहरुको समूह क्लब एवम् बालिका दुलहि हैनन् राष्ट्रिय सञ्जालमा आवद्ध संस्थाहरु मार्फत
- अपाङ्गता भएका बालबालिकाः आपाङ्गता भएका बालबालिकाको लागि कार्यरत संस्था(सिविआर, एसओएस) एवम् अपाङ्ग महासंघ मार्फत

**राष्ट्रिय अभियानको शुभारम्भ :**

संविधान सभाका माननीय अध्यक्ष श्री सुवास नेम्वाङको प्रमुख आतित्यथा एवम् संविधान सभाका सदस्यहरुको आतित्यथामा तथा बालबालिका एवम् यस अभियानमा ऐक्यवद्धता जनाउने सञ्जाल एवम् अभियानका सदस्य संस्थाका प्रतिनिधिहरु र आम सञ्चार जगतको सहभागितामा हुनेछ । कार्यक्रममा बालबालिकाले आफ्नो अधिकार संविधानमा सम्बोधन गराउन संविधान सभाका अध्यक्ष एवम् सदस्यहरुलाई लेखेको चिठ्ठी हस्तान्तरण गरी अभियानको शुभारम्भ गरिनेछ ।

**अभियानको समापन :**

संविधान सभाका माननीय अध्यक्ष श्री सुवास नेम्वाङको प्रमुख आतित्यथा, संविधान निर्माणका विषेश समितिका अध्यक्ष र सदस्यहरुको आतित्यथामा तथा बालबालिका एवम् यस अभियानमा ऐक्यवद्धता जनाउने सञ्जाल एवम् अभियानका सदस्य संस्थाका प्रतिनिधिको उपस्थितिमा कार्यक्रम हुनेछ । संविधानले सम्बोधन गर्नु पर्ने आफ्ना अधिकारकाको सम्बन्धमा देशभरीका बालबालिकाले पठाएका चिठ्ठी मार्फत अभिव्यक्त मुलभूत विषयहरुलाई नयाँ बन्ने संविधानमा समावेस गराउने प्रतिवद्धता सहितको बालबालिकालाई खुल्ला चिठ्ठी संविधान सभाका सदस्यहरुद्वारा लेखी सार्वजनिक गराईने छ ।

देशका विभिन्न भौगोलिक क्षेत्र, समुदाय, लिङ्ग अपाङ्गता, श्रमिक बालबालिका, विभिन्न वर्ग र समुदायका बालबालिकद्वारा लेखिएका चीठ्ठीहरुलाई संविधान सभाका सदस्यहरु समक्ष पुऱ्याउन वहाँहरुको पिजोनहोलमा लगेर राखिने छ । यसै गरी कुनै पनि जिल्लामा अभियान सञ्चाल भएको अवसरमा कुनै पनि माननीय सभासद सोही क्षेत्र, तथा जिल्लामा भएमा वहाँको उपस्थितिमा सोही स्थानमा पनि वहाँलाई बालबालिकाले चिठ्ठी हस्तान्तरण गराईने छ ।

## राष्ट्रिय अभियान सञ्चालन विधि :

- राष्ट्रिय अभियानलाई देश व्यापी रुपमा साझेदार संस्था तथा सञ्जाल र यस अभियानलाई अत्मसात गर्ने शिक्षकहरुको पेशागत संगठन र व्यक्ति निकायसँगको साझोदारीमा सञ्चालन गरिने छ ।
- अभियानलाई व्यापक बनाउनको लागि राष्ट्रिय रुपमा सहकार्य गर्ने सञ्जालहरुको ऐक्यवद्धतामा अगाडि बढाईने छ ।
- यस अभियानमा प्रत्येक्ष तथा अप्रत्यक्ष संलग्न संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरु सबै यसका आयोजक हुनेछन् ।
- जिल्लातहमा बालअधिकारका लागि सामाजिक संघसंस्थाहरु, शिक्षकहरुको पेशागत संगठनहरु, नगारिक प्रतिनिधिहरु, बाल तथा किशोरकिशोरी क्लब/समुह, बालबालिका, विद्यालय, सञ्चार संस्था तथा सञ्चार कर्मी लगायत समुदायमा आधारित समुहहरु सबै(संभवभए सम्म) को प्रतिनिधित्वमा सहज सञ्जाल (Lose Network) निर्माण गरी अभियान सञ्चालन गरिने छ ।
- कुनै एक संस्थालाई जिल्ला स्तरिय सचिवालय स्थापना गरी वा सहज सञ्जाल (Lose Network) मार्फत नै अभियानलाई व्यवस्थित रुपमा अगाडि बढाईनेछ ।

- यस अभियानको छुट्टै लोगो निर्माण गरी सोही लोगोलाई नै आधिकारीक रुपमा अगाडि ल्याइने छ ।
- गुम्बा, मदरसा, गुरुकुल र विद्यालय बाहिर रहेका बालबालिकाको हकमा समुदायमा आधारित बालक्लबहरु, किशोरकिशोरी क्लब तथा समूह र समुदायमा अधारित समूह मार्फत सबै बालबालिकाको बीचमा यस अभियानलाई पुऱ्याईनेछ ।

**विद्यालय/ गुम्बा, मदरसा, गुरुकुल, बालगृहमा यो कार्यक्रम संञ्चालन गर्दा निम्नानुसार गर्नुपर्दछ ।**

- विद्यालय, गुम्बा, मदरसा, गुरुकुल तथा बालगृहका प्रधानाध्यापक वा प्रमुखसँग पत्राचार वा कुराकानी गरी कार्यक्रमको बारेमा स्पष्ट पारिने छ ।   उक्त निकाय वा संस्थाले उपलब्ध गराएको समयमा संविधान, नयाँ संविधानमा बालअधिकार र यसको निर्माण प्रक्रियामा बालसहभागिता र बालअधिकारको विषयमा जानकारी दिइ संविधानसभाका सदस्यहरुको लागि नयाँ संविधानमा बालअधिकारको सुनिश्चितताका लागि चिठ्ठी लेख्न बालबालिकालाई प्रेरित गर्ने ।
- बालबालिकाले लेखेका चीठ्ठीलाई संकलन गरी सचिवालयमा राख्ने ।
- प्रत्येक जिल्लामा कम्तीमा एक जना संविधानसभा सदस्यकालागि एउटा चिठ्ठी पर्ने गरी आवश्यक सामग्री र खामको व्यवस्थापन गर्ने ।
- यो कार्यक्रम किन आयोजना गर्न लागेको उद्देश्य सबै सहभागी तथा बालबालिकालाई बताउने ।
- सम्भव भए सम्म विद्यालय/ गुम्बा, मदरसा, गुरुकुल तथा सम्बन्धित संस्थाको साइनबोर्ड आउने गरी सबै बालबालिका राखेर एउटा फोटो लिने ।